

# विपद्मा बाल संरक्षण

## लक्षित वर्ग

यो सामाग्री प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लक्षित गरी लागि तयार गरिएको छ । आपतकालिन परिस्थितिमा बालबालिकाको उद्धार गर्न तथा सरकारी र गैह्रसरकारी निकायहरूबाट प्राप्त सामग्रीहरूको उचित वितरणका लागि उनीहरू नै जिम्मेवार हुन्छन । उनीहरू बाहेक गाँउ वा नगरपालिकाका पदाधीकारीहरूले पनि विद्यालयको विपद् जोखिम न्यूनीकरण तथा उद्धारमा संलग्न हुने हुनाले यो विषयमा बुझ्न जरूरी छ ।

## विपद्मा बाल संरक्षण भनेको के हो ?

प्राकृतिक, मानवर्सिजित वा अन्य कारणले गर्दा उत्पन्न विपद्को समयमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, शोषण तथा उपेक्षाबाट बालबालिकालाई जोगाउनु, रोकथाम गर्नु तथा समस्या परिहालेमा तुरून्त सम्बोधन गर्ने कार्यलाई आपत्कालीन अवस्थामा गरिने बाल संरक्षण भनिन्छ ।

## आपत्कालीन अवस्थामा बाल संरक्षण किन महत्त्वपूर्ण छ?

विपद्को समयमा बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ किनकि बालबालिकाहरु अरू सामान्य अवस्थाको तुलनामा यो बेला विभिन्न किसिमको हिंसा, दुर्व्यवहार र शोषणको जोखिममा रहेका हुन्छन् । आपत्कालीन अवस्थामा बालबालिकाहरूले आवश्यक सबै मानवीय सहायता पाएको हुनुपर्छ जुन बाँच्न र समुन्नत जीवन जिउनका लागि जरूरी हुन्छ । त्यसैले विपद्को पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनाको कार्य गर्दा बालबालिकाहरूलाई ध्यानमा राखेर गरेको हुनुपर्दछ । बालबालिकाहरु यो समयमा विभिन्न प्रकारका अन्य जोखिममा पनि रहेका हुन्छन् ।

## विद्यालयस्तरीय आपत्कालीन बाल संरक्षण भनेको के हो?

आपत्कालीन समयमा विद्यालय स्तरमा बालबालिकालाई हुन सक्ने दुर्व्यवहार, शोषण र बेवास्ताबाट जोगाउन विद्यालयमा स्थापना गरिने व्यवस्था वा प्रणालीलाई नै विद्यालयस्तरीय आपत्कालीन बाल संरक्षण भनिन्छ । यसका लागि विद्यालयले निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ :

- विद्यालयले बाल संरक्षणसम्बन्धी उच्च तहको व्यवहारको सूची समावेश गरिएको आचारसंहिता बनाउनुपर्छ जुन सहभागितामा आधारित हुन्छ । उदाहरणका लागि यसमा शिक्षकले बालबालिकालाई मैत्रीपूर्णरूपमा गर्नुपर्ने व्यवहारका साथै आपत्कालीन अवस्थामा लिङ्ग, धर्म, जाति, अपाङ्गता र अन्य पहिचानको आधारमा बालबालिकालाई भेदभाव नगरी समान व्यवहार गर्नुपर्ने उल्लेख भएको हुनुपर्छ ।
- विद्यालयमा संरक्षण निकाय नभए पनि स्थानीय स्तरमा भएका संरक्षण निकाय र तिनका प्रमुख व्यक्तिहरूसँग विद्यालयले प्रभावकारी समन्वय र सहकार्य गर्नुपर्छ । यसबाट विषेश गरी विपद्को समयमा बालबालिकाको हेरचाह र सुरक्षाको सुनिश्चिततामा मद्दत पुग्दछ ।
- विद्यालयले विपद्को समयमा पारिवारिक पुनर्मिलनको व्यवस्था गरेको हुनुपर्छ । विपद्को समयमा हुने भागदौड तथा हतासको अवस्थामा बालबालिकाहरु परिवारबाट छुट्टिने वा टाढिने सम्भावना बढी रहन्छ । यस्तो परिस्थितिमा बालबालिकाहरु बेचबिखन तथा बालश्रम जस्ता विभिन्न हिंसा वा दुर्व्यवहारको उच्च जोखिममा रहन्छन् । यस्ता जोखिमलाई कम गर्न विद्यालयले पारिवारिक पुनर्मिलनको प्रक्रियालाई अपनाउनुपर्छ । यसबाट परिवार र समुदायसँग प्रभावकारी समन्वय हुन्छ । पारिवारिक पुनर्मिलनको प्रक्रियाबारे परिवार र समुदायमा पनि जनचेतना अभिवृद्धि गरेको हुनुपर्छ । यसको जानकारी बालबालिकालाई पनि दिनुपर्दछ ।
- विद्यालयले आफूले गर्न नसकेका कामका लागि सम्बन्धित निकायमा पठाउने संयन्त्रको विकास गरेको हुनुपर्छ । यसो गर्दा आवश्यकता अनुसार विभिन्न निकायहरूसँग समन्वय गर्नुका साथै सहयोग लिनुपर्छ । विशेषतः विपद्को समयमा मनोसामाजिक परामर्शका लागि परामर्श गर्ने निकाय,चोटपटक लाग्दा अस्पताल, बालबालिका हराएमा पुलिस आदि जस्ता संयन्त्रहरूसँग प्रभावकारी समन्वय गर्नुपर्छ । यस संयन्त्रलाई प्रभावकारी बनाउन समय समयमा बैठक गर्नुपर्छ साथै बालबालिकालाई यससम्बन्धी जानकारी हुनुपर्दछ ।
- विपद्को समयमा प्रायः विद्यालयहरु बन्द हुने र तुरुन्तै सञ्चालन हुन नसक्ने हुनाले बालबालिकालाई सुरक्षित र संरक्षित वातावरणमा बालमैत्री ढङ्गले सिक्ने/सिकाउने र आवश्यक मनोसामाजिक परामर्श दिन र विशेषतः उनीहरूलाई सम्भावित जोखिमबाट सुरक्षित र संरक्षित राख्न बालमैत्री स्थानको स्थापना गर्ने व्यवस्था हुनुपर्छ । विपद्को अवस्थामा मनोरञ्जनात्मक गतिविधि तथा अनौपचारिक शिक्षा प्रदान गर्ने जस्ता कार्य गर्नुपर्दछ ।

## प्रधानअध्यापकको लागि नोटः

यी सिद्धान्तका बारेमा बुझिसकेपछि प्रधानाध्यापकले शिक्षकहरु तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग विभिन्न कियाकलापहरु गरी उनीहरूलाई यसको बारेमा बुझाउनुपर्छ । तल केही उदाहरणहरु दिइएको छ जुन प्रधानाध्यापकले गराउन सक्ने छन् । यसमा मात्र सीमित नरहेर यीबाहेक अन्य कियाकलापहरु पनि गर्न र गराउन सकिन्छ ।

## प्रधानअध्यापकको लागि नोटः

यी सिद्धान्तका बारेमा बुझिसकेपछि प्रधानाध्यापकले शिक्षकहरु तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग विभिन्न क्रियाकलापहरु गरी उनीहरूलाई यसको बारेमा बुझाउनुपर्छ । तल केही उदाहरणहरु दिइएको छ जुन प्रधानाध्यापकले गराउन सक्ने छन् । यसमा मात्र सीमित नरहेर यीबाहेक अन्य क्रियाकलापहरु पनि गर्न र गराउन सकिन्छ ।



### अवस्था १ः

बालबालिकाहरु विद्यालयको कक्षाकोठामा पढिरहेका छन् । अकस्मात् उनीहरूले भुइँचालोको धक्का महसुस गर्छन् । कक्षाकोठाको वातावरण छिनमै त्रासमा परिवर्तन हुन्छ । जहाँ बालबालिकाहरु डरले चिच्याइरहेका छन् भने कोही आत्तिएर भागडौड गर्दै छन् । शिक्षक केही गर्न र सोच्न नसक्ने अवस्थामा छैनन् । यसै क्रममा धेरै बालबालिका घाइते भएका छन्, जसमा सीमा पनि पर्छिन् भने एक जनाको घटनास्थलमै ज्यान गएको छ । यस घटनापछि सीमा मानसिक रूपमा विक्षिप्त हुनुका साथै त्रसित र मर्माहित भएकी छिन् । उनी सामान्य व्यवहार गरिरहेकी छैनन् । उनले पढाइप्रतिको एकाग्रता गुमाउँदै जान्छिन् र बिस्तारै विद्यालय छोड्छिन् ।

### छलफलः

के कारणले सीमाको यस्तो अवस्था भयो ? विद्यालयले सीमाको पढाइलाई निरन्तरता दिनका लागि के सहयोगी भूमिका निर्वाह गर्न सक्दछ ?

### संभावित उत्तरः

सीमा मानसिक रूपमा अस्वस्थ छिन् । भुँइचालोमा परी आफ्नो कक्षाको साथीको ज्यान गएको प्रत्यक्ष देखेकाले सीमालाई त्यस घटनाबाट गम्भीर मानसिक आघात(trauma)हुन पुगेको छ । उनी विनाशकारी भुइँचालोको असरबाट देखिने मनोसामाजिक समस्याबाट ग्रस्त छिन् । यस्तो अवस्थामा शिक्षकले बेलैमा उनको समस्याको पहिचान गरी आवश्यक उपचारमा सहयोग गर्नुका साथै राम्रो हेरविचार र माया दिनु महत्त्वपूर्ण हुन्छ । मनोसामाजिक परामर्शले उनलाई सामान्य अवस्थामा फर्काउनका साथै फेरि पढाइलाई निरन्तरता दिन सहयोग गर्दछ । नोट : बालबालिकाहरु विपद्ले निम्त्याएको मृत्यु, विनाश र त्रास आदिबाट नराम्रोसँग प्रभावित हुन्छन् । उनीहरूलाई बिरामी निको हुन तथा पुनर्स्थापनासम्बन्धी ज्ञान र सिपको विकास गर्न सहयोगको आवश्यकता रहेको हुन्छ ।



### अवस्था २ ः

बाढीले मानव बस्ती बगाएपछि बनाएको अस्थायी शिविरमा बस्दै आएकी कक्षा ५ मा अध्ययनरत एक बालिकालाई एक अपरिचित व्यक्तिले विद्यालय जाने बाटामा जहिले पनि पछ्याउँछ । बालिका अत्यन्तै डराएकी छिन् तर यो कुरा आफ्ना अभिभावकलाई भन्न सङ्कोच मान्छिन् । उनी के गर्ने नगर्ने भन्ने विषयमा दुविधामा छिन् । अन्ततः उनीले यो कुरा आफ्नो साथीलाई भन्छिन् ।

### छलफलः

यो अवस्थामा बाल संरक्षणको सवाल के हो ? बालिकाको सुरक्षाको सुनिश्चिततामा अभिभावक र शिक्षकको जिम्मेवारी के हो ?विद्यालयले उनको संरक्षण गर्न र डर हटाउन के कस्तो सहयोग गर्न सक्छ ?

### संभावित उत्तरः

यदि यो विषयलाई समयमा नै समाधान नगरिएमा यो बालशोषण वा बेचबिखनको मामला बन्न सक्छ । यसमा उसको साथीले उसलाई यो विषयमा बाल संरक्षणसँग सम्बन्धित शिक्षकलाई तुरुन्त जानकारी गराउन प्रेरित गर्नुपर्छ । प्रधानअध्यापकले उनको गोप्यता र सुरक्षालाई कायम राख्दै बाल संरक्षण नीतिमा आधारित भई सामुदायिक प्रहरीसँग आवश्यक परामर्श लिई कदम चाल्नुपर्छ । यसको बारेमा बालिकाको परिवारलाई पनि जानकारी दिनुका साथै बालिकालाई आवश्यक भएमा सम्बन्धित ठाउँमा मनोसामाजिक परामर्शका लागि पठाउनुपर्छ ।




### अवस्था ३ ः

बाढीले गर्दा एउटा विद्यालयमा नराम्ररी असर पुगेको छ । भवनहरु भत्किएका छन् । केही विद्यार्थी तथा शिक्षक मारिएका छन् भने धेरै घाइते भएका छन् । नजिकको समुदाय पनि यसबाट प्रभावित छ । घटना घटेको प्रत्यक्ष देखेकाले विद्यार्थीहरु त्रसित र मर्माहित बनेका छन् । यसै घटनाबिच एक जना अपरिचित व्यक्तिले दुई जना विद्यार्थीहरूलाई उनको घरबाट लिन पठाएको भनी झुटो वहाना बनाई झुक्याएर लगेछन् ।

### छलफलः

यो अवस्थामा बाल संरक्षणको सवाल के हो ? आपत्कालीन अवस्थामा विद्यार्थीहरूलाई अभिभावकसँग भेट गर्न विद्यालयको भूमिका र जिम्मेवारी के कस्तो हुन्छ ?

### संभावित उत्तरः

यो बालबालिका बेचबिखनको मामला हुन सक्छ । विपद्को बेला बालबालिकाहरु अभिभावकसँग छुट्टिने तथा हराउने सम्भावना बढी हुन्छ । विद्यालयसँग बालबालिकाहरूको आपत्कालीन अवस्थाका लागि अभिभावक अथवा सम्पर्क व्यक्तिको सही सूचना र सम्पर्क विवरण हुन आवश्यक छ । विद्यालयले विद्यार्थी र परिवारबीच पुनर्मिलनको प्रक्रियाबारे अभिभावकहरूसँग बेलाबखत सञ्चार गर्नुपर्दछ । आपत्का( लीन परिस्थितिमा परिवारसँग सुनिश्चित गरी पुनर्मिलनको प्रक्रिया अवलम्बन गरी बाल बेचबिखनबाट जोगाउन अति आवश्यक हुन्छ ।

## थपअध्ययन सामाग्रीहरूः


- http://cpwg.net/wp-content/uploads/sites/2/2014/03/CP-Minimum-Standards-English-2013.pdf
- International Rescue Committee, Save the Children, UNICEF, UNHCR and World Vision (2004), Interagency Guiding Principles on Unaccompanied and Separated Children. Geneva. www.icrc.org/eng/assets/files/other/icrc_002_1011.pdf



"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरूको बारेमा यस डकुमेन्टमा उल्लेख गरिएको छ । यूरोपियन यूनियनका आधिकारीक धारणाको रूपमा कुनैपनि किसिमले यहाँ व्यक्त विचारहरुलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन ।"

European Union Civil Protection and Humanitarian Aid

PLAN INTERNATIONAL Save the Children unicef World Vision